नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**विद्युत विकास विभाग**
(............................................................)
अनुमतिपत्र महाशाखा

फोन नं.: ४५३४१११९, ४५११५३७, ४५११९५०१, ४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

प.सं.: ०७९/८०
च.नं.: च.नं.:- ३६

मितिः २०७९/०६/३१

विषयः-

**माछा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे।**

श्री वाटर इनर्जी डेभलपमेन्ट प्रा.लि.
बालुवाटार, काठमाण्डौ
फोन नं :०१४४३९६२७
waterenergy2121@gmail.com

प्रस्तुत विषयमा माछा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गर्न पेश भएको दरखास्त माथि कारवाही हुने क्रममा तपसिल बमोजिमका कागजात/ विवरणहरु नपुग देखिएको हुँदा मिति २०७९/०६/३० को विभागीय निर्णयानुसार उक्त कागजात/ विवरणहरु १५(पन्ध्र) दिनको समयावधि भित्र पेश गर्नुहुन र उक्त अवधिभित्र माग गरिएका विवरणहरु पेश नभएमा नियमानुसार कारवाही भईजाने व्यहोरा जानकारीको लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

तपसिल :

१. हाल प्रवर्द्धकको संचालक समितिको बैठकबाट पेश भएको ७०: ३० को अनुपातमा लगानी गर्ने आशय अध्ययन हुँदा पेश भएको नेटवर्थ अपर्याप्त देखिएकोले पर्याप्त हुने गरी कम्पनीको अथवा शेयरधनीहरुको नेटवर्थ CA बाट प्रमाणित गरी पेश गर्नुपर्ने ।
२. प्रवर्द्धक कम्पनीका शेयरधनीहरुको एकमुष्ठ खुद सम्पत्ति र सोको पुष्ठी हुने सहायक विवरण/ कागजात सहितको प्रमाणित खुद सम्पत्ति विवरण ।
३. कुनै शेयर होल्डरले लिन कबूल गरेको शेयर बराबरको निजको networth नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयर होल्डर हरुबीच भएको सम्झौता ।
४. कम्पनीको जारी पूंजी ९०,००,००,०००/०० मात्र देखिएको र आयोजनालाई लगानी गर्ने शेयर बराबरको रकम नै झन्डै १०४ करोड भएकोले सो बराबरको जारी पूंजी ।
५. अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन तथा शेयर लगतको विद्युतीय प्रति ।
६. सम्भाव्यता अध्ययन प्रतिवेदनमा कतै पनी आयोजनाको layout पेश नभएको तथा दरखास्तसँग पेश भएको सक्कल टोपो नक्सामा आयोजनाको tailrace प्रस्तुत नभएकोले सो सहितको सक्कल टोपो नक्सा पुनः पेश गर्नुहुन तथा विद्युतगृह पश्चात आयोजनाको करिब ८० मी. head प्रयोगमा आउने नदेखिएकोले सो सबन्धि राय पेश गर्नुहुन ।
७. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत ।
८. आयोजनाको कनेक्सन एग्रिमेंट नवीकरण भएको नदेखिकोले नवीकरण भएकोले अध्यावधिक गरी पेश गर्नुपर्ने ।
९. १६ मे.वा. क्षमताको स्वीकृत RIEE प्रतिवेदन र सोको soft copy ।
१०. आयोजनाको सम्भाव्यता अध्ययन अन्तर्गतको drilling report
११. प्रवर्द्धक कम्पनीको अध्यावधिक शेयर लगत अभिलेखमा संस्थापक शेयरधनीहरुमा परिवर्तन रहेको देखिँदा वि.उ.स. ८०१ अनुरुप सोको प्रकरण ७(ज) को पालना भए/ नभएको विषयमा स्पस्टिकरण ।

..................
(रवि नेपाल)
इन्जिनियर